**निर्णयः**

**निर्णय नं. १ः**

यस रत्ननगर नगरपालिकाका आमनगरवासीलाई सूचनामा पहुँच पुऱ्याउन साथै न. पा. को कार्य संचालनमा प्रभावकारिता ल्याउनका लागि नगरपालिकाको Mobile Application संचालन गर्न रु. ५,००,०००।- (पाँच लाख मात्र) विविध शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ः**

रत्ननगर न. पा. को मिति २०७५।०२।२७, च. नं. १२७८ को पत्रानुसार बछौली मा. वि. को अगाडीको सडकको साईडमा जम्मा भएको पानीको कारण वस्तीमा प्रकोप फैलिन सक्ने सम्भावना रहेकोले निकासाको लागि अस्थायी व्यवस्थापन गर्न ६ ईन्च गोलाई भएको १७०(एकसय सत्तरी) मिटर पोलिथिनको कालो पाईप विच्छाउन वडास्तरिय वजेट दैवी प्रकोप न्यूनिकरण कार्यक्रम शिर्षकबाट व्यय हुने गरी योजना समावेस गरिदिनुहुन भनी अनुरोध भै आएकोले सोही अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ः**

यस रत्ननगर न. पा. को काममा अन्य कार्यालयबाट खटी आउने कर्मचारीहरुलाई तोकिए अनुसार TADA, यातायात खर्च र खाना खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४.**

रत्ननगर १३ स्थित श्रीराम गुरुकुलम् बैदिक पाठशालामा हाल कक्षा ११ सम्म पठनपाठन भईरहेको उक्त पाठशालामा कक्षा १२ संचालन गर्न अनुमतीका लागि आवेदन प्राप्त भएकोले कक्षा १२ संचालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ः**

यस नगरपालिकाका उपरमा परेका उजुरी, निवेदन, मुद्धाका सम्बन्धमा तत्काल उपस्थित भई प्रतिरक्षा गर्न एवं अन्तरीम आदेश जारी गरी पाउँ भन्ने विषयमा समेत उपस्थित भई प्रतिरक्षा गर्न यस कार्यालयका कानुनी सल्लाहकार अधिवक्ता श्री प्रकाश राज रेग्मीलाई पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६ः**

आगामी तेश्रो नगर सभा व्यवस्थितरुपमा संचालन गर्नका लागि तपसिल वमोजिम समितिहरु गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. मंच तथा खाजा व्यवस्थापन समिति
संयोजक श्री राजेन्द्र हमाल परियार

२. अतिथी सत्कार समिति
संयोजक श्री मिना गिरी

३. सम्मान सिफारिस समिति
संयोजक श्री तिलक राज पौडेल

४.	नीति तथा कार्यक्रम मस्यौदा समिति
संयोजक श्री हरि कुमार श्रेष्ठ
सदस्य श्री केशव आचार्य